**कुलतले निम्त्याएको घरेलु हिंसा**
तारा अर्याल

भान्सा कोठामा पिसेर राखेको मसला, भात पकाउन ठिक्क पारेर राखेको चामल, किनेर ल्याएको तरकारी, प्रेसरकुकर, डेक्ची, गाग्री र बच्चालाई स्कुलको निम्ति ठीक पारेको खानासमेत लोग्नेले छिमेकमा बेचेर रक्सी सेवन गरेपछि मानसिक पीडाले आकुलव्याकुल भएकी छिन् काठमाडौं कोटेश्वर निवसी दुर्गा दुलाल ।

यस्ता बेदनाहरू कतिपय नेपाली महिलाहरूका जीवनमा दिनचर्या नै बनेका छन् । बेइजिङमा भएको अन्तर्राष्ट्रिय चौथो विश्व सम्मेलनले महिला हकहितका १२ वटा बुँदा पास गरी घरेलु हिंसाबाट महिलालाई मुक्त गराई समानता दिने प्रण त गऱ्यो तर नेपालमा यी कुराहरू कार्यान्वयन हुन सकेनन् न त ९१ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसले यस्ता पीडित महिलाहरूलाई समेट्न सक्यो ।

भक्तपुर खरीपाटी वडा नं. ३ माइती भएकी दुर्गा २०४० सालमा बागबजार निवासी फणिन्द्र दुलालसँग वैवाहिक सम्बन्धमा बाँधिइन् । परिवारलाई वास्ता नगर्नु र रक्सी सेवन गर्नु त फणिन्द्रको दिनचर्या नै भयो । ज्वाइँको व्यवहार देखेर चिन्तित बनेका दुर्गाको बुबाले तै पनि सुधिन्छन् कि भन्ने झिनो आशा पालेर टेम्पो किनिदिनुका साथसाथै दालमोठ कारखानासमेत खोलिदिए । तर उनले ती सबै बेचेर फेरि आफ्नै मस्तीमा तल्लिन रहे । कुलतमा फसिसकेका फणिन्द्रले रक्सी खाने खर्च जुटाउनको लागि बागबजारमा रहेको पैतृक घरसमेत बेचे । लोग्नेले घरवाससमेत उठाएपछि चिन्तित बनेकी दुर्गाले माइतीसँग सहयोग लिएर कोटेश्वरमा जग्गा किन्नुका साथै सानो घर पनि बनाइन् । बस्ने बास भए पनि खाने गाँस नपाउँदा अहिले १३/१४ वर्षका २ वटा छोराहरूका साथै कुलतमा फसेको पतिलाई पाल्नको लागि कठोर संघर्ष नै दुर्गाको दिनचर्या बनेको छ । १२० रुपैयाँ हात पार्नको लागि दिनभरी चिप घोट्नुपर्छ भन्दै ठेला परेका हात देखाउँदैछिन् दुर्गा । काम पाउँदा र ठेकेदारले पैसा दिंदा त साँझ-बिहान गुजारा चलाउँछिन्, जब २-४ दिन काम पाउन्नन् या गरेको कामको पनि ज्याला नदिईकनै ठेकेदार भागिदिन्छ तब फेरि माइतमा सहयोगका हात फैलाउन बाध्य हुनुपर्छ ।

हिम्मत र साहसकी धनी दुर्गाले २ वटै छोराहरूलाई कोटेश्वरकै निजी स्कुलमा पढाएकी छिन् । दुर्गा भन्छिन्– रुँदारुँदा मेरा आँखामा आँसु पनि सिद्धियो, दिनदिनै खाएको कुटाइले गर्दा शरीर पनि दुख्न छाडिसकेको छ, दुःख कस्तो हुँदोरहेछ भन्ने सबै भोगिसकें । अब मेरा छोराहरूले मैलेजस्तो कष्ट भोग्नु नपरोस् । त्यसैले चिप घोट्न पनि मलाई रमाइलो लाग्छ, किनकि त्यसभित्र मेरा छोराहरूको उज्यालो भविष्य लुकेको छ ।

पटक-पटक गरी माइतबाट ल्याएका ११ वटा साडीहरू सबै लोग्नेले बेचेर रक्सी सेवन गरेपछि साँझ परेपछि पेटिकोटमाथि पछ्यौरा बेरेर माइत गएर फेरि एउटा साडी मागेको घटना उनको जीवनको अविस्मरणीय क्षण बन्न पुगेको छ ।

अवरुद्ध गलाका साथ दुवै आँखाहरूमा छचल्किएका आँसु पुछ्दै दुर्गा भन्छिन्– बिहान काममा जाँदा लुगा धोएर सुकाएर गयो बेलुका आउँदा रक्सीसँग साटिएको हुन्थ्यो, त्यसैले वाक्कदिक्क भएर हिजोआज त लुगा पनि काम गर्ने साहुकहाँ लगेर धुन्छु र सुकाएर साँझमा ल्याउँछु । अन्य लुगाफाटा, भाँडाकुँडा, चामल, तरकारी, मट्टीतेल र स्कुलबाट आएर छोराहरूले खाने खाजासमेत डेरा गर्नेको कोठामा राखेर जान्छु ।

पति सुध्रिएला भन्ने आशा अब उनले मारिसकेकी छिन् । तर रक्सी खाए पनि घरमै ल्याएर खाइदिए र घरको सामान अन्यत्र लगेर कौडीको मूल्यमा नबेचेमा आफुलाई त्यो भन्दा ठूलो सन्तोष अरू नहुने उनी बताउँछिन् । खाई-नखाई जम्मा गरेको दुई हजार रुपैयाँ आफू नुहाउन गएको बेलामा लोग्नेले चोरेकोमा उनलाई साह्रै चित्त दुखेको छ ।

दुर्गाका जस्ता अन्य महिलाहरूका बेदना सुन्न अब रूकुम, रोल्पा, हुम्ला, जुम्ला, डोल्पाजस्ता दुर्गम जिल्लाहरूमा जानुपर्दैन । राजधानी काठमाडौंभित्र पनि हजारौं महिलाहरू घरेलु हिंसाबाट पीडित बनिरहेका छन् । मानवाधिकार, छोरीहरूलाई पनि छोरासरह समान अधिकार र अरू धेरै कुराहरू सुन्न र बुझ्न त परै जाओस् आफ्नो जीवनको अर्थसमेत गुमाइसकेका छन् यस्ता पीडित महिलाहरूले ।

वरिष्ठ अधिवक्ता डा. शान्ता थपलिया भन्नुहुन्छ– रक्सी, लागूऔषधको सेवन र वेश्यावृत्ति घरेलु हिंसा बढाउने कारणहरू हुन् । महिलाहरू चेतनशील बन्दै गएको अवस्थमा महिलालाई खुट्टाको जुत्ता सम्झिने पुरुषहरूको मानसिकताको कारण पनि घरेल हिंसा बढ्दै गइरहेको छ । उहाँले भन्नुभयो– लोग्ने-स्वास्नीबीचको हिंसा रोक्ने कानुनको अभाव छ ।

मानसिक, शारीरिक र आर्थिक तीनै प्रकारका हिंसाबाट महिलाहरू आक्रान्त हुने गरेका छन् भन्नुहुँदै वरिष्ठ स्त्री रोग विशेषज्ञ डा. भोला रिजाल भन्नुहुन्छ- हाम्रो देशमा महिला साक्षरता १५ प्रतिशत मात्रै छ । अनभिज्ञता, दरिद्रता र मजबुरीको फाइदा नै

पुरुषहरूले उठाइरहेका छन् । यसप्रकारका हिंसाहरू रोक्नका लागि महिलालाई अनिवार्य शिक्षाका साथै अन्य प्रकारका जनचेतनासमेत जगाउनुपर्छ । शिक्षा र जनचेतना हिंसाको विकल्प ठान्नुहुन्छ, डा. रिजाल ।

**जलधाराले ल्याएको जागृति**

अनन्तप्रसाद वाग्ले

उज्यालो हुनासाथ चुलाचौकी र पानीपँधेरोदेखि वनजंगलसमेत भ्याउनु ग्रामीण नेपाली महिलाहरूको वर्षौंदेखिको दिनचर्या हो । त्यसमा पनि काभ्रेपलाञ्चोक डाँडापारिजस्तो विकट र वर्ष दिन खान पुग्ने परिवारहरूले संख्या अति न्यून रहेको, आम्दानी हुने काम नपाइने र पछौटेपनले ग्रस्त समाजमा त महिलाहरूको स्थिति अझ नाजुक हुने नै भयो ।

यद्यपि डाँडापारिका महिलाहरू यतिखेर घरधन्दामा मात्र सीमित छैनन् । पुरुषहरूसँगै दिनभरि बाटो बनाउने मात्र हैन विभिन्न समूहमा आबद्ध भई आयमूलक कार्यहरूतर्फसमेत आकर्षित हुन थालेका छन् । एकीकृत बागमती जलाधार व्यवस्थापन परियोजनाले लामो समयदेखि त्यस भेगमा गोरेटो सुधार, गल्छी नियन्त्रण, संरक्षण, पोखरी निर्माण, खानेपानीलगायतका कामहरू गर्दै आइरहेको छ । पातलो बस्ती र डरलाग्दा उकालीओरालीहरूमा प्रत्येक टोलमा ढुंगा छापेर खानेपानी दिएर जलधाराले हामीलाई ठूलो गुन लाएको छ बाबु– ठूलो पोखरा खोलामा पैदल पुल बनाउने ठाउँ प्राविधिकलाई देखाउन हिंडेकी ७८ वर्षीया भगवती हुमागाईंले भन्नुभयो ।

त्यस भेगमा ‘जलधारा’ को नामले नै एकीकृत बागमती जलाधार व्यवस्थापन परियोजनालाई चिन्ने गरिन्छ । डाँडापारि क्षेत्रमा पर्ने काभ्रेका दश गाविसहरूमध्ये बुढाखानी, वनखु, फोक्सिङटार, घर्तिछाप र गोकुलेमा उक्त परियोजनाले काम गरिरहेको छ ।

बुढाखानी, चारकिल्लाका नानीमाया बल र सञ्जुमाया मोक्तानले केही महिनाअघि धुलीखेलबाट सिलाइ तालिम पूरा गरेर गाउँ फर्केपछि उनीहरूलाई घाँसदाउरामा लाग्नुपरेको छैन । बिहानैदेखि सिलाइको काममा नै उनीहरू व्यस्त रहन्छन् । उनीहरूले त्यहाँ सिलाइ केन्द्र नै चलाइरहेका छन् ।

परम्परागत रूपमा कपडा सिलाइको काम गर्ने दमाई जाति नभएको त्यस क्षेत्रमा आफ्नो व्यवसाय राम्रै चलिरहेको उनीहरू बताउँछन् । नानीमाया र सञ्जुमायाको सफलताले गाउँका अरू दिदीबहिनी पनि आयमूलक कामतर्फ आकर्षित भइरहेका छन् । हालै मात्र गाउँ विकास समिति, बुढाखानीले ग्रामीण स्वावलम्बन कार्यक्रमअन्तर्गत छवटा सिलाइ मेसिन खरिद गरी दुईजना प्रशिक्षकहरू राखेर स्थानीय तेत्तीस महिलाहरूलाई सिलाइ तालिम प्रदान गरेको छ । सिलाइ तालिम पूरा गरेका सविता स्याङ्तान, नानीमाया लो, फूलमाया थिङ, यादकुमारी तुम्सिङमगरलगायत ६ जनाले गाविसबाट ती ६ वटा मेसिन खरिद गरी सिलाइ व्यवसाय संचालन गर्न लागेको कुरा प्रशिक्षक रमेश मगर बताउँछन् ।

बाखापालन र तरकारी खेती यहाँका अन्य आयमूलक कामहरू हुन् । तर बनेपा-बर्दिबास सडकमा पर्ने कटुञ्जे बजार आइपुग्न आठ-दश घण्टाको उकालो-ओरालो पैदल हिंड्नुपर्ने कारण तरकारी खेतीको लागि बजारको समस्या रहेको कुरा स्थानीय जनताहरू बताउँछन् ।

हालै मात्र किल्ला बुढाखानीकी गोमा मगरले डेढ वर्षका दुईवटा खसी बेचेर १८ हजार आम्दानी गरिन् । ‘ठाउँमा पुर्‍याउन पाएको भए २५-२६ हजार आउने थियो’ गोमा बताउँछिन् । गोमाको कटेरामा अहिले पनि साना-ठूला गरी १४-१५ वटा बाखाहरू रहेका छन् । गोमा मात्र होइन डाँडापारिका अधिकांश महिलाहरूले बाखापालनलाई आम्दानीको राम्रो व्यवसायका रूपमा अपनाउन थालेका छन् । बाखापालनबाहेक कुखुरा, सुंगुर र भैंसीपालनतर्फ पनि महिलाहरूको आकर्षण बढिरहेको पाइन्छ ।

आयमूलक कामहरूमा जनताको संलग्नता बढाउने उद्देश्यले फोक्सिङटार- ३, आग्रेटारमा एक सय २३ किसानहरूको संलग्नतामा डाँडापारि बहुउद्देश्यीय सहकारी संस्था नामक त्यस भेगकै पहिलो सहकारी संस्थाको स्थापना भर्खरै भएको छ । डाँडापारिको भौतिक विकासमा संलग्न रहँदै आएको एकीकृत बागमती जलाधार व्यवस्थापन परियोजनाअन्तर्गत जिल्ला भू-संरक्षण कार्यालय, काभ्रे र कृषि नीति अनुसन्धान प्रसार एवं विकास केन्द्रको सहभागितामा सो संस्थाको स्थापना भएको हो ।

यस्ता संस्थाहरू डाँडापारि भेगमा ठाउँठाउँमा स्थापना गरी स्थानीय कृषकहरूको जीवनमा परिवर्तन ल्याउने र कृषि उत्पादन बढाउने कार्यक्रम शुरु भइरहेको कुरा सिप्रेडका सञ्जीव श्रेष्ठ बताउनुहुन्छ । सरकारले यो विकट ठाउँमा यातायातको व्यवस्था गर्न सक्ने स्थिति नरहे पनि कटुञ्जेबेसीसम्म केबुलकारको व्यवस्था गरिदिएमा यहाँको तरकारी, दूध र अन्य उत्पादनले बजार पाउन सक्ने श्रेष्ठको धारणा छ ।

गोरेटो सुधार, संरक्षण पोखरी निर्माण, गरा तथा गल्छी सुधार कार्यलाई प्राथमिकता दिंदै कार्य गरिरहेको एकीकृत बागमती जलाधार व्यवस्थापन परियोजनाले हाल आएर विभिन्न बस्ती समूह र महिला आयआर्जन समूहहरू गठन गरी आयमूलक कार्यक्रमहरू संचालन गर्न लागेका कुरा जिल्ला भू-संरक्षण कार्यालयका गोविन्द वाग्ले बताउनुहुन्छ ।

सगरमाथा आयआर्जन महिला समूह, कोल्टार बस्तीको अध्यक्ष जानकी विश्वकर्मा छ महिना अनिकाल र ६ महिना सहकाल हुने आफ्नो गाउँमा आयआर्जन कार्यक्रमबाट ठूलो आशा लागेको बताउँछिन् । उनको समूहले प्रत्येक महिना १०-१० रुपैयाँ बचत गर्ने र लामडाँडा चौतारीमा मासिक रूपमा नियमित बैठकसमेत बस्ने गरेको छ ।

स्थानीय जनताको शब्दमा 'जलाधारा' अर्थात् बागमती एकीकृत जलाधार व्यवस्थापन परियोजनले विभिन्न उपजलाधार क्षेत्र योजना संचालन गरी सम्बन्धित क्षेत्रमा बस्ती समूहमार्फत् काम गरिरहेकोमा पशुपालनबाहेका अदुवा, आलु, बेसार, खुर्सानीलगायतका चाँडै नबिग्रने तरकारी र मसला उत्पादनमा सहयोग पुऱ्याएमा फाइदा हुने यहाँका आममहिलाहरूको अपेक्षा रहिआएको छ ।

कोल्टर बस्ती समूहका अध्यक्ष सुब्बासिं ठोक्कर आशावाद हुँदै भन्छन्- यो अँध्यारो बस्तीमा जलाधाराले यतिसम्म गरिदियो, अब केही मेसो आउँछ कि ? बागमती एकीकृत जलाधार व्यवस्थापन परियोजनाले डाँडापारिमा काम शुरु गरेपछि स्थानीय जनतामा पैसा कमाउन शहर र विदेश नै जानुपर्दछ भन्ने भावना हट्दै गएको बताउँदै १५ वर्षअघिदेखि शिक्षण पेशा गर्दै आउनुभएका ग्रामोन्नति निमाविका प्रअ चेतप्रसाद शर्मा भन्नुहुन्छ- पहिलेपहिले यहाँका अविभावकहरू हामीले पढ्न नपठाए मास्टरले जागिर खानै पाउँदोरहेनछ, छोरालाईचाहिं पठाइदिउँन त भन्थे, छोरीहरूको त पढ्ने कुरै आउँदैनथ्यो । तर अहिले मेरो विद्यालयमा ४५-५० प्रतिशत छात्राहरू पनि छन् ।

बागमती परियोजनाले डाँडापारिमा हात हालेपछि अन्य सरकारी-गैरसरकारी संघसंस्थाहरूले पनि यस भेगलाई प्राथमिकता दिन थालेको र डाँडापारिका जनता, खासगरी महिला सहभागितामा, जनश्रम परिचालन र आयआर्जनमा ठूलो परिवर्तन आएको प्रअ शर्माको ठहर छ ।

**देहव्यापारभित्र अल्झिएको पीडा**
विज्ञान शर्मा

"समाचार लेख्नेहरूले पनि हामीलाई मनोरञ्जनको साधन बनाएर लेख्छन् र पैसा कमाउँछन् । टोल सुधार गर्ने नाममा मानिसहरूले हामीलाई सिस्नोपानी लगाउनसमेत पछि पर्दैनन् । ग्राहकहरूले पनि पशुको जस्तो व्यवहार गर्छन् हाम्रो पीडालाई कसैले बुझ्दैनन् ।" सुशीला नेपाली (परिवर्तित नाम) मलिन अनुहार लाउँदै भन्छिन् ।

आफ्नो पुर्खौली पेशा देहव्यापार भएकोले त्रिभुवननगर पक्रैया दाङ निवासी सुशीला नेपाली पनि यस्तो कार्यबाट पृथक् रहन सकिनन् र बाह्र/तेह्र वर्ष भएदेखि देहव्यापारमा संलग्न हुन थालिन् । गत मंसिर महिनामा सुशीलाको पेशालाई समाज दूषित पार्ने कार्य भनेर केही व्यक्तिहरूले कुटे र अत्यन्त अमानवीय ढंगले सिस्नुपानी लगाए । सुशीला भने आफू त्यस अवसरमा देहव्यापारमा संलग्न नभएको र नर्सरीमा साथीहरूसँग घुम्न गएको बेला केही व्यक्तिहरूले पिछा गरेको र अन्य ६ जनालाई पनि निर्मम तरिकाले कुटपिट गरेको बताउँछिन् । यसको विरोधमा तत्काल नै वादी समन्वय समितिले व्यापक छलफल गऱ्यो, मौन जुलुस निकाल्यो तर त्यो यत्तिमा नै सीमित भयो । देहव्यापारलाई निमुल पार्ने नाममा दाङका विभिन्न ठाउँहरूमा टोलसुधार समिति गठन भएका छन् । यी समितिहरूले देहव्यापारमा संलग्न हुनेहरूलाई कानुनी प्रक्रिया पूरा नगरी पिट्ने, धम्क्याउने, संलग्न नभएकाहरूबाट समेत अनावश्यक रूपमा पैसा असुल्नेजस्ता कार्यहरू गर्छन् भन्ने वादीहरूको आरोप छ । देहव्यापार आफैमा नराम्रो पेशा हो, यसलाई हटाउन सकारात्मक पहल चाल्नु अत्यावश्यक कुरा हो तर मुढेबलको भरमा देहव्यापारमा संलग्न वादी महिलाहरूलाई कारबाही गर्नुपूर्व उनीहरू (वादी समुदायका महिलाहरू) कसरी देहव्यापारमा लागे, उनीहरूको कुनै बाध्यात्मक परिस्थिति थियो कि, यदि उनीहरू यो पेशा छोड्न चाहान्थे भने त्यसको वैकल्पिक रोजगार के हुन सक्थ्यो र रोजगार दिने को ? भन्ने विषयमा कसैले सोचेका छैनन् ।

दाङ जिल्लामा देहव्यापार गरिने प्रमुख ठाउँहरूको नाम लिनुपऱ्यो भने धेरैजसोले भन्छन्– पक्रैया, राजापुर, हंसपुर, नयाँबस्ती र कालाखोला, पातुखोला र वनकट्टिका केही बस्तीहरू जहाँ वादी समुदायहरू बस्छन् । वादीहरूलाई धेरै पहिले सामन्त र पुँजीपति वर्गले नाचगान गराउने, मादल बजाउनेजस्ता कार्यमा प्रयोग गर्थे, पछि यसलाई गलत प्रयोग गरी उनीहरूले यौनशोषण गर्न थाले र विस्तारै देहव्यापारले स्थान दिएको कुरा वयोवृद्ध वादी मोहन नेपाली बताउँछन् । यसरी बढेको देहव्यापारलाई रोक्न दाङ जिल्लाका विभिन्न ठाउँहरूमा टोल सुधार समिति गठन भएका हुन् ।

त्रिभुवननगर पक्रैयास्थित टोल सुधार समितिका अध्यक्ष खड्कबहादुर बुढाले आफ्नो ठाउँबाट देहव्यापार हटाउन वेश्यावृत्तिमा लागेका महिलाहरूलाई कि वेश्यावृत्तिमा नलागी अरू पेश गर कि समाज छोड भनेर दबाब दिइरहेको बताउनुहुन्छ । तर, वादी समुदायलाई रूपान्तरण गर्न संलग्न रहेको घोराहीस्थित संस्था शिक्षाका लागि सामाजिक जागरण (सेफ) का राजकुमार नेपाली भने त्यसरी दबाब दिएर समाज छोड्न लगाए पनि उनीहरू अर्को ठाउँमा गएर देहव्यापारमा संलग्न हुन सक्ने विचार व्यक्त गर्नुहुन्छ । त्यसैअनुरूप हामीले उनीहरूलाई चेतनामूलक कुराहरू सिकाउँदै आइरहेका छौं । एड्स प्रिभेन्ट प्रोग्राम सञ्चालन गरिरहेका छौं र घरेलु पेशाहरूसम्बन्धी प्रशिक्षण पनि दिइरहेका छौं । उनीहरूलाई पिटेर वा धम्क्याएर मानसिक पीडा दिनु उपयुक्त हुँदैन । उनीहरूको अवस्था हरक्षेत्रबाट नाजुक भइरहेको अवस्थामा कारबाहीको कुरा उठाउँदा अन्याय हुन जान्छ ।

दाङमा देहव्यापारबाट जन्मिएका बच्चाहरूको संख्या हालसम्म ३६५ पुगिसकेको छ । सेफले युनिसेफको सहयोगमा साठीजना बच्चालाई शिशु स्याहार केन्द्र र बाल संरक्षण गृहको स्थापना गरेर संरक्षण दिइरहेको छ तर यो पर्याप्त छैन । यसरी देहव्यापार बढिरह्यो भने अर्को समस्या उत्पन्न हुन्छ यद्यपि वादी महिलाहरू देहव्यापार गर्ने आन्तरिक इच्छा नभएको र बाध्यताले यस्तो गराएको बताउँछन् ।

परिवार पाल्ने दायित्व बोकेका वादी महिलाहरू देहव्यापार छाड्ने केही सीप सिक्न पाइन्छ कि भनेर महिला विकास शाखा दाङमा पनि पुगेका थिए तर त्यहाँकी महिला अधिकृतले कुनै एनजीओ वा आईएनजीओबाट सहयोग नआउँदासम्म उनीहरूलाई कुनै सीप हस्तान्तरण गर्न नसकिने बताएपछि निरास भएर फर्केको कुरा कमला नेपाली बताउँछिन् । उता महिला जागृति तथा आयआर्जन कार्यक्रम दाङकी अध्यक्ष अनिता देवकोटा पनि गाविसहरूमा मात्रै आफ्ना कार्यक्रमहरू सञ्चालन भइरहेको र नगरपालिकाहरूमा कार्यक्रम सञ्चालन गर्न नसकिने बताउनुहुन्छ । यी वादी महिलाहरू यसरी महिलाकै लागि स्थापित संघसंस्थाबाट पनि टाढा रहन पुगेका छन् ।

सीता नेपाली भन्छिन्– बिनाकसुर हामीलाई सबैले दुःख दिन्छन् । सोझो इलम गरेर खाए पनि शंकै गर्छन् । होटेलको वेश्यावृति कसैले नियन्त्रण गर्न सक्दैन । हामी गरिब दुःखीमाथि नै सबै खनिन्छन् । उनी बिनाकसुर नै आफूसहित तीनजना महिलालाई तीनजना प्रहरी आई हिरासतमा लिएको बताउँछिन् । उनी गाउँगाउँमा स्थापना भएका टोल समितिले तासजुवा खेल्ने र जाँडरक्सी खाई होहल्ला गर्नेलाई केही नगर्ने तर, आफूहरूमाथि नै खनिने टोल सुधार समितिमाथि गुनासो गर्छिन् ।

यसरी सबै क्षेत्रबाट पिल्सिएका वादी महिलाहरूलाई मानसिक र शारीरिक यातना दिनुभन्दा विस्तारै उनीहरूलाई अन्य पेशातर्फ उन्मुख गराउनुपर्ने विचार वादीहरूको हकहितका लागि पहल गर्दै आउनुभएका मिठु नेपाली बताउनुहुन्छ । उहाँका अनुसार २०५३ सालमा देहव्यापारलाई प्रमुख पेशाको रूपमा अंगाल्ने वादी महिलाहरूको संख्या ६५ थियो भने त्यो घटेर हाल ३० को हाराहारीमा पुगेको छ । उनीहरूको परिस्थितिलाई मनोरञ्जनको विषय बनाई फाइदा लिने गलत तत्वहरूलाई निर्मूल गर्दै उनीहरूको पेशाभित्र गाँसिएका गम्भीर प्रश्नहरूको निराकरणका उपायहरू पत्ता लगाएमा नै उनीहरू यो पेशाबाट बाहिर आउन सक्छन् । उनीहरूलाई पनि समाजमा प्रतिष्ठित भएर बाँच्ने रहर छ । यस्तो गम्भीर समस्या त्रास, भय, कुटपिट वा सिस्नुपानीबाट हट्न नसक्ने कुरा समाजसेवीहरू बताउँछन् ।

**भविष्य सुनिश्चितताका लागि बचततर्फ महिलाहरू**
राजाराम कार्की

एक झुम्रो नयाँ लुगा लगाउन र एक-आपसमा साथीसँगीसँग भेटघाट गर्न वर्षदिनको चाड 'तिज' कहिले आउला भनी औंला भाँच्दै दिनगन्ती गर्नुपर्ने विभिन्न क्षेत्रका काभ्रेली ग्रामीण महिलाहरूको अहिले दिनचर्यामा मात्र परिवर्तन नभई आर्थिक रूपले समेत उनीहरूको जग बलियो भइसकेको छ ।

ग्रामीण दुर्गम बस्तीहरूमा छरिएर रहेका विपन्न महिलाहरूलाई गोलबद्ध पारी उनीहरूको आयआर्जनमा आधुनिकीकरण गर्दै आर्थिक उपार्जनमा आत्मनिर्भर बनाइने उद्देश्यबाट वि.सं. २०४७ सालमा स्थापना भएको नारी चेतना केन्द्र नेपालले पहिलोपल्ट काभ्रेपलाञ्चोक जिल्लामा महिला बचत तथा ऋण परिचालन कार्यक्रम लागू गरेको छ । फलस्वरूप उनीहरूले आफ्नो आम्दानीको थोरैभन्दा थोरै हिस्सा भविष्य सुनिश्चित पार्न समूहमा बचत गर्न थालेका छन् । जसले गर्दा एक-आपसमा भेटघाट भई महिलाहरूमाथि हुने हिंसा, बेचबिखन, कानुनी अधिकार, स्वरोजगारमूलक कार्य आदि विषयमा छलफल गर्न उनीहरूलाई सजिलो भएको छ ।

जिल्लामा सरस्वती, कालिका, गणेशस्थान, शंखेश्वर, लडकेश्वरी भालेश्वरी, शुभकल्याण, मिलीजुली, जागृति बहुउद्देश्यीय, लीलावती प्रगतिशील, भक्तेश्वर, नारी जगारण, इन्द्रेश्वरी र महेन्द्रज्योतिलगायत कुल १५ वटा नारी चेतना बचत तथा ऋण सहकारी संस्था लिमिटेडको स्थापना भई महिलाहरूलाई आयआर्जन, महिला सशक्तीकरण र समाज विकासमा उनीहरूको दायित्व बोध गराइएको जानकारी संस्थाकी अध्यक्ष प्रतिभा सुवेदी दिनुहुन्छ ।

राजधानीबाट पूर्व २६ किमिमा पर्ने काभ्रेपलाञ्चोक जिल्ला ८७ गाविस र ३ नगरपालिकामा विभक्त छ । हाल जिल्लाको चलाल, शंखुपाटीचौर, बलथली, भूमिडाँडा, च्यासिहंखर्क, कुशादेवी, रयाले, उग्रतारा, उग्रचण्डी, पनौती नपा र महेन्द्रज्योतिलगायत ११ वटा गाविसमा लागू गरिएको यस कार्यक्रमबाट हजारौं महिलाहरू लाभान्वित भएका छन् । सानोतिनो समस्या र गर्जो टार्न बैंक र साहूमहाजनको दैलो चाहर्न पुग्नुपर्ने बाध्यताको गाउँघरमा अन्त्य भएको छ । उनीहरूले सामान्ती पञ्जाबाट छुटकारा पाउनु नै ग्रामीण महिलाका लागि थप प्रेरणा बन्न पुगेको छ बचत तथा ऋण परिचालन कार्यक्रम भन्नुहुन्छ जिविस सभापति कृष्णप्रसाद सापकोटा ।

महिलाहरूको क्षमता विकासका लागि तालिम, गोष्ठी अध्ययनभ्रमण गराउने र समुदायमा आधारित एककीृत सामुदायिक विकास कार्यक्रमहरूबाट प्रत्यक्ष लाभान्वित भएका उक्त बस्तीका ग्रामीण महिलाहरूले विभिन्न चरणमा सहकारी संस्था दर्ता गराई छोटै अवधिमा रु. ५० लाख बचत संकलन गरेका छन् । उनीहरूको आर्थिक अवस्था सुधार्न बाखा, बंगुर, कुखुरा, भैंसीपालन व्यवसायका लागि मात्र नभई मौसमी तथा बेमौसमी तरकारी खेती, खुद्रा पसलहरू सञ्चालन गर्न उक्त रकम न्यून व्याजदरमा लगानी भइसकेको छ ।

सहभागितामूलक योजना पद्दतिलाई संस्थागत गर्ने उद्देश्यले वि.सं. २०५३ सालदेखि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमअन्तर्गत मुलुकको विभिन्न २० जिल्लामा लागू गरिएको सहभागितात्मक जिल्ला विकास कार्यक्रमको नामले समेत यहाँ विभिन्न २१ गाविसमा बचत तथा ऋण परिचालन कार्यक्रम लागू गरिएको छ । जसअन्तर्गत कुल ६ सय २६ वटा बचत सहकारी संस्थाहरू क्रियाशील रहेकामध्ये आधाभन्दा बढी बचत संस्थाहरू महिलाहरूकै नियन्त्रणमा रहेका छन् । गाविसका १३ हजार ८५ घरधुरी परिवार बचत संकलन तथा ऋण परिचालनमा आबद्ध भएका छन् । जुन कुल घरधुरी संस्थाको ८२.८१ प्रतिशत हुन आउने बताइन्छ ।

महिला, पुरुष र मिश्रित समूहका कुल १७ हजार १ सय ३४ जना बचतकर्ताहरूले रु. १ करोड ४७ लाख ३८ हजार ३ सय २७ रुपैयाँ बचत गरेका छन् भने रु. १ करोड ४७ लाख ९१ हजार ४ सय २९ रुपैयाँ स्वरोजगारमूलक कार्यमा लगानी गरेका छन् । लगानीबाट मात्रै २६ लाख ६२ हजार ९ सय ६७ रुपैयाँ व्याज नाफा आर्जन गरेका छन् । बीउ पुँजी लगानी र मेहनतबाट कुल ३० वटा विभिन्न योजनाहरू निर्माण गरी ३९ समूहका २ हजार ५ सय ६५ सदस्यहरू प्रत्यक्ष लाभान्वित हुन पुगेका छन् ।

निरपेक्ष गरिबीको रेखामुनि बाँच्न विवश ग्रामीण भेगका बासिन्दाहरूको आर्थिक जग उचाल्न बचत तथा ऋण परिचालन कार्यक्रमहरू यहाँ बरदान सावित भएका छन् । पहिलेपहिले हेयको दृष्टिकोणले महिलाहरूलाई हेर्ने च्यासिहंखर्कका पुरुषहरू सञ्चमाया लामाको कार्य देखेपछि उनको प्रशंसा गर्दै स्वरोजगारमूलक कार्यमा जुट्न थालेका छन् ।

सञ्चमाया पहिले ऋण लिन पनि डराउँथिन् । पछि बचत गर्दै जाँदा संस्थामा पैसा पनि जम्मा भयो । त्यसपछि उनले रु. पन्ध्र सय (१५००) ऋण सापट लिई नांलो पसल राखिन् त्यसबाट क्रमशः फाइदा हुँदै गएपछि पुनः रु. १५,०००।- (पन्ध्र हजार) ऋण सापट लिएर किराना पसल राखिन् । अहिले उनको पसलमा ढुटो, चालम, तेलजस्ता खाद्य पदार्थ प्रचुर मात्रामा रहेका छन् । पसलबाट १० जनाको परिवारको लालनपालन गरी आफ्ना छोरालाई काठमाडौंमा राखेर पढाउन सफल भएकी छन् । उनको कथन छ– अधिकार मागेर पाइँदैन लडेर लिन जानुपर्दछ । गाउँका दिदीबहिनीहरूले हिम्मत गरेमा नहुने काम केही छैन ।

भूमिडाँडाकी जितमाया तामाङ्नी संस्थामा गोलबद्ध भई बचत संकलनतर्फ आर्कषित हुन थालेपछि छोराछोरी दुवैलाई स्कुल पढाउनुपर्छ, बालबालिकाहरूलाई र घर वरपर सफासुग्घर राख्नुपर्छ भन्ने विषयमा समेत ज्ञान भएको बताउँछिन् । उनी स्वयंले तीन वर्षअघि रु. २ हजार ऋण लिएर बंगुरपालन गर्न थालेपछि हाल उनले २ वर्षको छोटो अवधिमा रु. ४० हजार बचत गरेकी छिन् ।

शंखुपाटीचौर गाविसका कृषक विष्णुबहादुर राउत भन्दछन्– सहकारीअन्तर्गत बचत संकलन र ऋण परिचालनमा जुट्न थालेपछि दिगो कृषि कार्यक्रमअन्तर्गत नर्सरी बनाएर महिलाहरूले उन्नत बीउविजनको खेती गर्ने तालिम लिएका छन् । तालिम पाएर उनीहरूले आफ्नो खेतबारीमा विभिन्न तरकारीका साथै गाईवस्तुका लागि डालेघाँसको नर्सरी पनि बनाएका छन् । राउत भन्छन्– हाम्रो पुस्तौनी जग्गा १०/१२ रोपनी हो । शुरुदेखि नै हामीले खेतीबाहेक अरू केही काम गरेका छैनौं । यो जग्गाको आम्दानीले हामीलाई खान पुग्दैनथ्यो, तर मेरी श्रीमतीले तालिम लिइन् र सहकारीमा बचत पनि हुन थाल्यो, ऋण पायौं, आर्थिकस्तरमा क्रमिक रूपले वृद्धि हुँदै गयो । अहिले हामी सबै प्रकारका तरकारी खेती लगाउँछौं र बजारमा बिक्री गरी आम्दानी बटुल्छौं जसले गर्दा सबै परिवार खुशी छन् । हाम्रा लागि यहाँ बचत तथा ऋण परिचालन कार्यक्रम त बरदानै सावित भएका छन् ।

**अलिकति समानता पाएका महिलाहरू**
गंगा बीसी

नेपाली महिलाहरू असमानताको जाँतोमा पिसिएको कुरा यतिबेला चर्को रूपमा उठिरहेको छ । विशेषगरी पुरुषहरूद्वारा नै पीडित भएका छन्, महिलाहरू भनेर विविध कार्यक्रमहरू पनि भइरहेका छन् । साँचो अर्थमा पनि महिलाहरू पुरुषको दाँजोमा निकै पछि परेका तथ्यहरू अगाडि छन् तर यहाँ चर्चा गर्न खोजिएका मगर महिलाहरूले अलिकति समानता चाख्न पाएका छन् भन्ने हो । असमानताको चपेटामा परेका महिलाहरूको लागि अलिकति समानता पनि ठूलो उपलब्धि हो ।

रोल्पा जिल्ला थवाङ गाउँ विकास समिति वडा नं. २ की बिनकुमारी रोका आफूले लोग्नेबाट अलिकति पनि असमान व्यवहार भोग्नु नपरेको कुरा व्यक्त गर्छिन् । उनी भन्छिन्, "मेरो श्रीमान्ले मलाई कहिल्यै नराम्रो व्यवहार गर्नुभएको छैन । घरको कामदेखि बाहिरको काममा हामी समान रूपले लाग्छौं । उहाँ खाना पकाउन अल्छी मान्नहुन्न र मैले नसकेको बेला छोराछोरीको मात्र हैन मेरा कपडा पनि धुनुहुन्छ ।"

मगरबाहेक अरू समाजमा महिलाहरूलाई असमान व्यवहार गरिन्छ । महिलाले पुरुषका कपडा धोइदिन्छन् भने पुरुषहरूले महिलाको कपडा प्रायः धुँदैनन् । तर मगर समाजमा पुरुषहरू चुलोचौको र महिलाको कपडा धुन्छन् । यसबारेमा थवाङ २ कै ४२ वर्षीया बिमला घर्ती भन्छिन्- 'हाम्रो समाजमा अप्ठ्यारो काम पनि बराबर गर्छौं, सजिलो काम पनि बराबर गर्छौं ।" अरू समाजमा प्रायः छोरी मान्छे धेरै समय माइती घरमा बस्यो भने अस्वाभाविक मानिन्छ तर मगर समाजमा त्यस्तो हुँदैन । छोरीको इच्छानुसार जति पनि माइती घरमा बस्न सक्छन् । रोल्पा थवाङका शिक्षक तिलबहादुर घर्तीको यसबारेमा कथन छ, "हाम्रो मगर समाजमा छोरीको इच्छानुसार माइती घरमा बस्न दिइन्छ । उसको विवाह गर्न मन छैन भने नगरे पनि हामी केही भन्दैनौं । हाम्रो गाउँमा मात्रै १५ जना महिलाहरू आफ्नो इच्छानुसार माइतीघरमै बसेका छन् । उनीहरू स्वतन्त्र भएर व्यापार व्यवसाय गरिरहेका छन् ।"

रूकुम जिल्ला तकसेरा गाउँ विकास समिति तककी दिलजति बुढा आजसम्म आफूले असमानता भोग्नु नपरेको बताउँछिन् । दिलजति थप्छिन्- "लोग्ने विदेश गएको बेलाबाहेक सुख र दुःख दुवैले बराबर बाँडेका छौं । हामी भेडाच्याग्रा लिएर धेरै महिनाको लागि बेसी झर्दा सँगै जान्थ्यौं । मैले गर्ने काम उहाँले गर्नुहुन्थ्यो । उहाँले गर्ने काम मैले गर्थे । हाल हामी दाङ घोराहीमा पसल गर्छौं । पालैपालो गरेर पसल हेर्छौं । भान्छामा पनि पालैपालो गरेर जान्छौं । मेरो श्रीमान्ले भान्छाको काम महिलाको मात्र हो भनेर कहिल्यै भन्नुहुन्न ।"

समानताको अवधारणाले अघि बढेको मगर समाजमा विवाह गर्दा पनि दाइजो इच्छानुसार दिन्छन् । केटाले यतिउति दाइजो चाहिन्छ भनेर कहिले दाबी नगर्ने कुरा थवाङ गाविसका पूर्वप्रधानपञ्च हाल दाङ त्रि.न.न.पा. १० का रामकुमार बुढा भन्नुहुन्छ । उहाँको भनाइ छ- 'पहिलो कुरा त हामी छोरा र छोरीमा भेदभाव राख्दैनौं । दोस्रो हामी छोरीलाई जबर्जस्ती विवाह गर्नुपर्छ भन्दैनौं । विवाह गर्दा पनि केटाले दाइजोको माग गर्दैनन् । माइतीले आफूले सक्दो दाइजो दिन्छन् ।"

"हाम्रो मगर समाजमा अलिकति भए पनि महिलाहरूले अधिकार र समानता चाख्न पाएका छन् । मेरा एउटा दिदी र दुइटी बहिनीले विवाह गर्न चाहेनन् । उनीहरूलाई विवाह गर्नैपर्छ भनेर हामीले कर गरेनौं । दिदी थवाङमै बस्नुहुन्छ भने दुइवटै बहिनी लिवाङमा घर बनाएर बसेका छन् । " रामकुमार स्पष्ट पार्नुहुन्छ ।

रामकुमारका दुइटी जुम्ल्याहा बहिनी धनपुरा बुढा र जानपुरा बुढा (४८ वर्ष) आफूले पाउने समानता र अधिकार पाएको बताउँछन् । उनीहरू भन्छन्- "हामी जुम्ल्याहा दिदीबहिनीलाई विवाह गर्न मन लागेन । बा, आमा र दाइहरूले पनि आफ्नो निर्णय आफैं गर भन्नुभयो । उहाँहरूले हामीलाई अधिकार दिनुभयो । हाल हामीले स्वतन्त्र रूपमा आफ्नो व्यवसाय गरिरहेका छौं ।"

थवाङमा विवाह नगरी धेरै महिलाहरू स्वतन्त्र रूपमा अधिकार लिएर बसेका छन् । जसअनुसार जुखीझाँक्री मगर (६७ वर्ष), उलासी रोका मगर (७० वर्ष), आँसु झाँक्री मगर (५९ वर्ष), जोगमायाझाँक्री मगर (६६ वर्ष) र सुकी रोका मगर (६८ वर्ष) छन् । यी महिलाहरू मगर समाजमा आफूले पाउने समानता पाएको विचार व्यक्त गर्छन् ।

रोल्पा उवा गाउँ विकास समितिका भूतपूर्व उपप्रधानपञ्च एवं नेपाल मगर महिला संघकी केन्द्रीय उपाध्यक्ष पूर्णकुमारी पुन मगर (६० वर्ष) आफ्नो समाजमा पुरुष र महिलाबीच धेरै समानता भएको दाबी गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ– हाम्रो समाजमा पुरुषले पनि महिलालाई सम्मान गर्न जानेका छन् । महिलाले समाजमा समान अवसर पाएका छन् । चुलोचौकोदेखि विवाहसम्म अप्ठ्यारो कामदेखि सप्टेरो कामसम्म महिला र पुरुषमा असमानता पाइँदैन ।

महिला र पुरुषमा समानता हुनुपर्छ भन्ने कुरामा जोड दिँदै उपाध्यक्ष पुन मगर थप्नुहुन्छ– महिलाहरूले समानता नपाएसम्म उनीहरूको विकास संभव छैन । हरेक कुरामा पुरुषप्रधान हुनुहुँदैन । हरेक पुरुषले सिक्काको अर्को पाटाको रूपमा महिलालाई लिनुपर्छ । हामीहरू समान अधिकारको लागि अघि बढ्नुपर्छ ।

समाज विकासको लागि पुरुषको जति भूमिका रहन्छ, महिलाको पनि त्यत्तिकै भूमिका छ । त्यसको लागि पुरुष र महिला समान हुनुपर्छ, अधिकार समान हुनुपर्छ । पुरुषप्रधानता होइन, बराबरी हुनुपर्छ भनिए तापनि व्यवहारमा आजसम्म खास उपलब्धि देखिएको छैन । विशेषगरी रूकुम, रोल्पाका मगर समाजमा महिलाहरूले पाएको समानतालाई थोरै भए पनि उपलब्धि मिलेको मान्नुपर्छ । र, यसबाट अन्य क्षेत्रका बासिन्दाहरूले पाठ सिक्नु जरुरी पनि छ ।